


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २२ गते शनिबार ❑ 5 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## शिक्षामन्त्री पौडेल र विश्वविद्यालयका पदाधिकारीबीच छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

शिक्षा तथा विज्ञान प्रविधिमन्त्री देवेन्द्र पौडेलले शुक्रबार पोखरा विश्वविद्यालयका पदाधिकारीसँग पोखरामा छलफल गर्नुभएको छ।

आगामी दुई महिनाभित्र विश्वविद्यालयले सञ्चालनमा ल्याउन लागेको शिक्षण अस्पताल तथा विश्वविद्यालयका अन्य शैक्षिक कार्यक्रमका बारेमा नीतिगत छलफल गरिएको हो।

विश्वविद्यालयले पोखरा-३० स्थित खुदीमा शिक्षण अस्पताल सञ्चालनमा ल्याउने गरी काम अघि बढाएको छ। विश्वविद्यालयका रजिष्ट्रार दीपक भण्डारीले १०० शय्याको शिक्षण अस्पताल सञ्चालनका लागि पूर्वाधार तयार भइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार सुरुआतमा अस्पतालमा ओपिडी (बहिरङ्ग) र आकस्मिक सेवा सञ्चालनमा ल्याइने र छ महिनाभित्रमा १०० शय्या पूरा गरिनेछ। उहाँले भन्नुभयो, "विश्वविद्यालयमा स्वास्थ्य विज्ञानका नर्सिङ, फार्मेसी र ल्याब टेक्नोलोजीका कोर्स सञ्चालन भए पनि आफ्नै अस्पताल नहुँदा अन्य अस्पतालमा लगेर अभ्यास गराउने गरेका थियौँ। अब आफ्नै अस्पताल सञ्चालन गर्न पूर्वाधार तयारी अवस्थामा छ, केही दिनमा चिकित्सकलगायत जनशक्तिको विज्ञापन गर्दैछौँ।" विश्वविद्यालयले गण्डकी प्रदेश र यस आसपासका क्षेत्रका मेडिकल कलेजलाई सम्बन्धन प्रदान गर्ने र अन्य विश्वविद्यालयमा पढाइ नभएका विषय समावेश गर्ने बारेमा समेत छलफल भएको रजिष्ट्रार भण्डारीले जानकारी दिनुभयो। विश्वविद्यालयसभाले नयाँ विषय र मेडिकल कलेजको सम्बधन दिने विषयमा समेत निर्णय गरिसकेको छ। छलफलमा मन्त्री पौडेलले भौतिक पूर्वाधार, नयाँ विषय र अन्य विश्वविद्यालयमा भन्दा फरक पाठ्यक्रम तयार गरेर बजारको मागअनुसारका विषय अध्यापन गर्न सुझाव दिनुभयो।

उहाँले विश्वविद्यालयको शैक्षिक र भौतिक सुधारका लागि कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवासँग थप छलफल गर्ने प्रतिबद्धता जनाउनुभयो। मन्त्री पौडेलले भन्नुभयो, "विश्वविद्यालयसुधारका लागि अन्य विश्वविद्यालयका पदाधिकारीसँग छलफल भइरहेको छ। नयाँ योजना र नीतिगत विषयलाई जोड दिनुस्, आवश्यक परे प्रधानमन्त्रीसँग कुरा गर्छु।" छलफलमा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालगायत सहभागी हुनुहुन्थ्यो।

## प्रधानमन्त्री देउवाद्धारा महिला भलिबल टोली सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**



सरकारले बङ्गबन्धु एशियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपका विजेता राष्ट्रिय महिला भलिबल टोलीलाई शुक्रबार सम्मान तथा पुरस्कार प्रदान गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय महिला भलिबल टोलीका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगदसहित सम्मान गर्नुभएको हो। उक्त प्रतियोगिता बङ्गलादेशको राजधानी ढाकामा गत पुस ६ देखि १६ गतेसम्म सञ्चालन भएको थियो।

भलिबल टोलीले राष्ट्रको गौरव बढाएको भन्दै सरकारले कदरस्वरुप पुरस्कार र सम्मान प्रदान गरेको हो। कार्यक्रमा प्रधानमन्त्री देउवाले खेलकुद देशको नाम र प्रतिष्ठालाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने महत्वपूर्ण र प्रभावकारी माध्यम भएको भन्दै खेलाडीको सुविधा विस्तारको विषयमा आवश्यक व्यवस्था मिलाउन सरकारले पहल गर्ने बताउनुभयो। "यहाँहरूले भलिबल खेलको माध्यमबाट नेपालको शिर उँचो बनाउन जुन मेहनत गर्नुभयो, त्यो अति नै प्रशंसनीय छ। भविष्यमा पनि नेपाली खेलाडीले भलिबललगायतका अन्य खेलकुद गतिविधिका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने प्रतियोगितामा सहभागी भई राम्रो नतिजा हासिल गरी नेपाल र नेपालीको शिर उँचो बनाउने कार्यमा निरन्तरता दिनुहुनेछ भन्ने विश्वास लिएको छु", प्रधानमन्त्री देउवाले भन्नुभयो। विश्व ब्याडमिन्टन महासङ्घको पुरुष जुनियर एकलतर्फ विश्व वरियताको शीर्ष स्थानमा पर्न सफल हुनुभएका ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाललाई पनि सो अवसरमा बधाई दिनुभयो। फुटबलको क्षेत्रमा नेपाली खेलाडीलाई निरन्तर कुशल प्रशिक्षण दिइरहनुभएका प्रशिक्षक अब्दुलाह अल्मुताइरीलाई पनि उहाँले धन्यवाद दिनुभयो। "आगामी दिनमा फुटबल प्रतियोगितामा पनि नेपाली खेलाडीले सफलता प्राप्त गर्न प्रयासरत रहनुहुनेछ भन्ने अपेक्षा लिएको छु", उहाँले भन्नुभयो। त्यस्तै युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले पुरस्कारले खेलाडीमा जिम्मेवारी थपिएको उल्लेख गर्दै नेपाललाई विश्व समुदायको जनस्तरसँग जोड्न खेलाडीको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले भलिबलको कभर्डहल निर्माणका लागि आगामी बजेटमा सम्बोधन गर्न प्रधानमन्त्री देउवासमक्ष अनुरोध समेत गर्नुभयो।

कार्यक्रममा महिला भलिबल टोलीकी कप्तान अरूणा शाहीले खेलकुदको पूर्वाधारको विकास तथा खेलाडी सेवा सुविधा वृद्धि गर्न सरकारसँग आग्रह गर्नुभयो। उहाँले खेलका दौरान घाइते हुनुभएकी भलिबल टोलीकी स्पाइकर सरस्वती चौधरीको सम्पूर्ण उपचार खर्च उपलब्ध गराउन सरकारलाई आग्रह गर्नुभयो। सरकारले विश्व ब्याडमिन्टनको वरियातामा शीर्ष स्थानमा रहन सफल प्रिन्स दाहाल र साफ च्याम्पियनसिप फुटबलको फाइनलमा पुग्न सफल नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीलाई पनि सम्मान गरेको छ। सरकारले फुटबल टोलीलाई यसअघि नै पुरस्कृत गरिसकेको छ। त्यतिबेला मुख्य प्रशिक्षक अल्मुताइरी अनुपस्थित रहेका कारण उहाँलाई आज सम्मान गरेको हो। सरकारले एशियन सेन्ट्रल जोन महिला भलिबलका टोलीका १२ खेलाडीलाई जनही रु पाँच लाख, प्रमुख प्रशिक्षक र प्रशिक्षकलाई रु तीन-तीन लाख तथा टोली व्यवस्थापकलाई रु दुई लाख प्रदान गरेको छ। सम्मानित हुने खेलाडीमा अरुणा शाही (कप्तान), मनिषाकुमारी चौधरी, कामना विष्ट, लक्ष्मि चन्द, उषा भण्डारी, प्रतिमा माली, सलिना श्रेष्ठ, सरस्वती चौधरी, सुनिता खड्का, सफिया पुन, कृपा अधिकारी र शान्तिकुमारी थारु हुनुहन्छ। त्यस्तै सम्मानित हुने अन्यमा टोलीको मुख्य प्रशिक्षक जगदिशप्रसाद भट्ट र प्रशिक्षक भरत यादव तथा व्यवस्थापक ज्योति केसी हुनुहन्छ।

## देशभर वर्षा र हिमपात

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**



पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले शुक्रबार देशभर वर्षा हुनका साथै उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

अहिले देशभर सामान्यदेखि पूर्ण बदली भई धेरै स्थानहरुमा मेघगजर्न/चट्याङ सहित हल्का वर्षा भइरहेको छ। महाशाखाले जारी गरेको पछिल्लो मौसमी विवरणमा काठमाडौँमा ४१ मिलिमिटर वर्षा भएको छ। बदली र वर्षासँगै उपत्यकाका उच्च डाँडामा हल्का हिमपात भएको छ। फुल्चोकी, चन्द्रागिरी, शिवपुरी, नगरकोटलगायतका अग्ला डाँडामा हिमपात भएको छ। काठमाडौँ उपत्यकामा दिनभर घाम नदेखिएकाले शुक्रबार निकै जाडो महशुस गरिएको छ। शुक्रबार काठमाडौँको न्यूनतम ४ दशमलब ९ र अधिकतम तापक्रम ९ डिग्रिसेल्सियस रहेको छ।

शुक्रबार सबैभन्दा बढी नेपालगञ्जमा ६४, वीरेन्द्रनगरमा ५२, जुम्लामा ५० मिलिमिटर वर्षा भएको छ। त्यस्तै घोराहीमा ३३, भैरहवामा ३०, पोखरामा २९, ओखलढुंगामा २२ र जनकपुरमा १८ मिलिमिटर वर्षा भएको छ। हाल पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव कायमै रहेको र केही दिनबाट यो प्रणाली हटेर क्रमिक रुपमा मौसममा सुधार आउने महाशाखाले जनाएको छ।

शुक्रबार राति देशभर सामान्यदेखि पूर्ण बदली रहनेछ। प्रदेश नं १, मधेश, बागमाती र गण्डकीप्रदेशका केही स्थानहरुमा मेघगजर्न/चट्याङ/असिना सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

साथै सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हिमपातको सम्भावना रहेको छ।

## गण्डकीमा थप २३८ मा कोरोना संक्रमण, एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा २३८मा कोरोना सङ्क्रमण देखिएको छ।

प्रदेशभित्रका विभिन्न अस्पताल तथा प्रयोगशालामा गरिएको पीसीआर तथा एन्टिजेन परीक्षणमा सबैभन्दा बढी कास्कीका ९० मा कोरोना सङ्क्रमण देखिएको थियो। त्यस्तै यस अवधिमा स्याङ्जाका ५९, पर्वतका २०, म्याग्दीका १८, लम्जुङका १६, वाग्लुङका १२, नवलपरासी पूर्वका ११, तनहुँका छ, गोरखाका चार, मुस्ताङका दुई जना रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

यस अवधिमा प्रदेशमा ९३५ निको भएका र चार हजार ५१९ जना होम आइसोलेसनमा रहेको निर्देशनालयले जनाएको छ। स्याङ्जाको भिरकोट नगरपालिका-७ का ७२ वर्षीय कोरोना सङ्क्रमित पुरुषको मृत्यु भएको छ। गत पुस २४ गते कोरोना सङ्क्रमण पुष्टि भएकोमा आज बिहान ८.५५ बजे पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा निधन भएको निर्देशनालयले जनाएको छ।

## थप दुई हजार ५२६ जनामा कोरोना संक्रमण, १६ को मृत्यु

**रासस**
**काठमाडौं, २१ माघ**

देशभर पछिल्लो २४ घण्टामा थप दुई हजार ५२६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा ११ हजार ७३ जनाको नमूना परीक्षण गरिएको थियो। छ हजार हजार ६५५ जनाले पिसिआर र चार हजार ४१८ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

त्यस्तै पछिल्लो २४ घण्टामा कोरोनाबाट १६ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा आठ हजार ४२५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या आठ लाख ९५ हजार ८६८ पुगेको छ। निको हुने दर ९२ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा नौ लाख ६४ हजार ११९ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख ३३ हजार ४७० जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ। पिसिआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५२ लाख ६३ हजार ८३० र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या नौ लाख ८५ हजार ७८९ पुगेको छ। कूलमा सङ्क्रमण दर १८ दशमलव तीन प्रतिशत छ। कोभिड बिरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा पाँच लाख १३ हजार ५१ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ५६ हजार ४५७ रहेको छ।

अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ७९४ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ। प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८८ दशमलव दुई रहेको छ।

हाल भेन्टेलेटरमा रहनेको सङ्ख्या जम्मा ५१ र आइसियूमा २४३ रहेको छ। होम आइसोलेसनमा ५५ हजार ९०, संस्थागत आइसोलेसनमा एक हजार ३६७ र क्वारेन्टिनमा १३३ जना रहेका छन्। हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लाहरूमा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवान, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलाली रहेका छन्। दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लाहरूमा सिराहा, सप्तरी, पर्सा, बारा, महोतरी, सलार्ही, धादिङ, सिन्धुली, नुवाकोट, गोरखा, स्याङजा, बाग्लुङ, तनहुँ, गुल्मी, पाल्पा, बर्दिया, दाङ, सुर्खेत र कञ्चनपुर छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा १६ हजार तीन, ललितपुर नौ हजार ३५१ र भक्तपुरमा तीन हजार ८२९ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।



# एन्फाको निर्वाचन कमिटी गठन

**रासस**
**काठमाडौं, २१ माघ**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आगामी जेठ १५ गतेका लागि तय भएको नयाँ नेतृत्व निर्वाचनका लागि निर्वाचन कमिटी गठन गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार बसेको एन्फाको १६औं कार्यसमिति बैठकले निर्वाचन समितिको अधिवक्ता श्रीराम दबाडीको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन समिति गठन गरेको हो । त्यसैगरी सहसंयोजकमा अधिवक्ता रामचन्द्र गौतम, सदस्यमा दामोदर भट्टराई र वैकल्पिक सदस्यमा सरस्वती श्रेष्ठ र प्रिती कार्की हुनुहुन्छ। निर्वाचन समितिमा मनोनयन गर्न सङ्घको २० औं विशेष साधरणसभा बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरेको छ । यसैगरी निर्वाचन पुनरावेदन समितिको संयोजकमा अधिवक्ता विष्णु लुइँटेल र सहसंयोजकमा सुधा रिजाल, सदस्यमा केशवमणि अर्याल, वैकल्पिक सदस्यमा यज्ञबहादुर राना र राजेन्द्र इंगनाम रहनुभएको छ। उहाँहरूको इन्ट्रीग्रिटी जाँच एन्फा लेखापालन तथा अनुपालक समितिले गर्नेछ। यस निर्णयपछि फिफा र एएफसीमा पठाइनेछ । त्यस्तै बैठकले आर्थिक वर्ष २०७७-७८ मा १९औं वार्षिक साधारणसभाबाट अनुमोदित वार्षिक कार्यक्रम विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको महामारीले स्थगन भएको हुँदा उक्त अनुमोदित बजेटलाई २०७८-७९ को आर्थिक वर्षभित्र रकमान्तर गरी खर्च गर्ने निर्णय गरेको छ।

# आगामी महिनादेखि रेल चलाउने तयारी

**रासस**
**काठमाडौं, २१ माघ**

धनुषाको कुर्थाबाट भारतको जयनगरसम्म रेल सेवा हुने खबरले यतिबेला धनुषाका एक दर्जन गाउँका स्थानीयवासी हर्षित भएका छन् । रेलमा चढ्ने वर्षौंदेखिको आफूहरूको सपना अब बल्ल पूरा हुने भएपछि धनुषाको जनकपुरधाम उपमहानगरपालिका, औरही गाउँपालिका र जनकनन्दनी गाउँपालिकासहितको विभिन्न स्थानीय तहका एक दर्जन गाउँका स्थानीयवासीमा खुशीयाली छाएको हो।

रेल्वे लिकको काम सकिएको लामो समयसम्म पनि रेल सेवा सञ्चालन हुन नसकेका कारण निरास बनेका स्थानीयवासीमा अबको केही दिनमै रेल चल्ने पछिल्लो खबरले उत्साहित बनाएको धनुषाको औरही गाउँपालिका-६ का विशोलाल यादवले बताउनुभयो। "रेल्वे लिक बनेको धेरै समय भइसक्यो, रेल आज चल्छ, भोलि चल्छ भन्दै निरास भएर बसिरहेका छौं", उहाँले भन्नुभयो, "तर केही दिनअघि नेपाल रेल्वे कम्पनीले रेलको परीक्षण गरेको देखेपछि रेल चल्ने आशा जागेको छ।" सुरुमा त रेल चल्छ भन्ने विश्वासै लागेको थिएन, तर लिकमा रेल गुडेको देखेपछि आशा पलाएको उहाँको भनाइ छ। रेल चल्ने भएपछि रेल्वे लिक बनाउन आफ्नो बहुमूल्य जग्गा दिएका धनुषाको जनकनन्दनी गाउँपालिकाका रमेश मण्डलले पनि रेल चल्ने भएपछि उत्साहित भएको बताउनुभयो। "रेल्वे लिक बनेपछि रेल चल्छ र त्यो रेलमा चढ्न पाइन्छ भनेर आफ्नो बहुमूल्य जग्गा दिइयो", मण्डलले भन्नुभयो, "धेरै समयसम्म रेल नचलेपछि निरास थिएँ, तर पछिल्लो समय रेल चल्ने खबर आएपछि खुशी लागेको छ।" विसं २०७७ असोज २ गते भारतीय कम्पनी कर्पोरेशनबाट रु ८४ करोड ६५ लाखमा खरिद गरिएको दुई सेट रेल बडो तामझामका साथ जयनगरबाट जनकपुर ल्याइएर धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा पार्किङ गरी त्रिपाल ओढाएर राखिएको छ । भारतको जयनगरबाट धनुषाको कुर्थासम्म करिब ३५ किलोमिटर चल्ने सो रेल सेवाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गर्ने तयारी भएको नेपाल रेल्वे कम्पनीले जनाएको छ। "हामीले सन् २०२२ को फेब्रुअरी तेस्रो साताबाट जयनगर-कुर्था रेल सेवा सञ्चालन गर्ने तयारी गरेका छौं", नेपाल रेल्वे कम्पनीमा महाप्रबन्धक निरञ्जन झाले भन्नुभयो, "रेल चलाउन अब कुनै समस्या छैन, केवल उद्घाटन हुनमात्र बाँकी छ।" दुवै देशका प्रधानमन्त्रीले संयुक्तरूपमा रेल सेवाको उद्घाटन गरेपछि नियमितरूपमा रेल सञ्चालन हुने महाप्रबन्धक झाको भनाइ छ।

"कुन मितिबाट रेल चल्छ भन्ने ठ्याक्कै म अहिले भन्न सक्दिनँ", महाप्रबन्धक झाले भन्नुभयो," तर हामीले फेब्रुअरीको दोस्रो वा तेस्रो साताबाट रेल चलाउने तयारी गरेका छौं।" अहिले न्यूनतम आवश्यकताका आधारमा मात्र थोरै कर्मचारी नियुक्त गरेको र नियुक्त भएका कर्मचारीलाई तालिम दिएर काममा परिचालन गरिसकेको महाप्रबन्धक उहाँको भनाइ छ।

"रेल उद्घाटनपछि सुरुको पहिलो १५ दिन दिनको एकपटक आउने र जाने गरी रेल चलाउँछौं", महाप्रबन्धक झाले भन्नुभयो," त्यसपछि यात्रुको चाप र आवश्यकता हेरेर दिनमा दुई-तीनपटकसम्म पनि रेल चलाउन सकिन्छ।" रेल चलेपछि तत्कालका लागि जयनगरबाट कुर्थासम्म समान्य सिटमा रु ७० र एसी सिटमा रु ३०० भाडा निर्धारण गरिएको उहाँको भनाइ छ । रेल सेवा सञ्चालन गर्ने तयारी गरिए पनि रेल्वे लिकमा रहेका क्लिपहरू चोरी भइरहेको र ठाउँठाउँमा रेल्वे लिकमै तरकारी हाटबजार लगाउने गरेको, रेल्वे लिकमै अनधिकृतरूपमा छाप्रो हालेर पसल चलाउँदै आएको र छाडारूपमा पशु चौपाया छाड्ने गरेकाले रेल सञ्चालनमा कठिनाइ भइरहेकाले यसमा सबैले सहयोग गर्नुपर्ने महाप्रबन्धक झाले बताउनुभयो।

# पेट्रोलमा प्रतिलिटर ५८ रुपैयाँ कर !

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

नेपालमा पेट्रोलियम पदार्थको मूल्य अहिलेसम्मकै उच्च विन्दुमा पुगेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको भन्दै नेपाल आयल निगमले मङ्गलबार रातिदेखि लागू हुने गरी डिजेल, मट्टितेल र पेट्रोलमा प्रतिलिटर ३/३ रुपैयाँ वृद्धि गरेको छ । मूल्यवृद्धिसँगै डिजेल मट्टितेलको मूल्य प्रतिलिटर रु १२५ र पेट्रोलको मूल्य प्रतिलिटर रु १४२ पुगेको छ।

यसअघि २०७० साल फागुनमा नेपालमा डिजेल मट्टितेलको मूल्य प्रतिलिटर रु १०९ र पेट्रोलको मूल्य प्रतिलिटर १३९ पुगेको थियो । इन्डियन आयल कर्पोरेशन (आइओसी) सँग सस्तोमा पेट्रोलियम पदार्थ किनेर निगमले उपभोक्तासँग चर्को मूल्य लिएको भन्दै आलोचाना हुने गरे पनि इन्धनको मूल्य उच्च हुनुमा करको हिस्सा बलियो रहेको छ।

पेट्रोलियम पदार्थमा सरकारले उच्च कर लिने गरेको छ। आइओसीबाट यही फेब्रुअरी १ तारिखका दिन प्राप्त नयाँ मूल्यसूची अनुसार निगमलाई पेट्रोलको खरिद मूल्य प्रतिलिटर ८४ रुपैयाँ ३२ पैसा, डिजेल प्रतिलिटर ८५ रुपैयाँ ४२ पैसा, मट्टितेल प्रतिलिटर ७९ रुपैयाँ १० पैसा, हवाई इन्धन (आन्तरिक र बाह्य) प्रतिलिटर ८० रुपैयाँ ९४ पैसा र खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर एक हजार ५२२ रुपैयाँ ४९ पैसा पर्छ। खरिद मूल्यमा सरकारी राजस्व र मूल्य अभिवृद्धि कर (भ्याट), प्रशासनिक र बिक्री खर्च (बीमासहित), प्राविधिक नोक्सानी, ढुवानी, बिक्रेता कसिमन जोडेर बिक्री मूल्य तय हुने गरेको निगमले जनाएको छ। सरकारले पेट्रोलमा प्रतिलिटर ५८ रुपैयाँ ४८ पैसा, डिजेलमा प्रतिलिटर ४१ रुपैयाँ १६ पैसा, मट्टितेलमा प्रतिलिटर १९ रुपैयाँ ३२ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिटर २० रुपैयाँ ४४ पैसा र बाह्यमा १२ रुपैयाँ ६३ पैसा तथा एलपी ग्यासमा प्रतिसिलिण्डर २७३ रुपैयाँ ९४ पैसा कर लिने गरेको छ। निगमले प्रशासनिक एवं बिक्री खर्च र प्राविधिक नोक्सानीबापत पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ ७७ पैसा, डिजेलमा १ रुपैयाँ ३४ पैसा, मट्टितेलमा प्रतिलिटर १ रुपैयाँ २८ पैसा, हवाई इन्धनमा एक रुपैयाँ २३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर १० रुपैयाँ ६३ पैसा लिने गरेको छ।

पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ ११ पैसा, डिजेलमा प्रतिलिटर ३ रुपैयाँ ८५ पैसा, मट्टितेलमा प्रतिलिटर २ रुपैयाँ ८४ पैसा र हवाई इन्धनमा प्रतिलिटर २ रुपैयाँ ८९ पैसा ढुवानी भाडा लाग्ने निगमले जनाएको छ। बिक्रेताले पेट्रोल बिक्री बारेबापत प्रतिलिटर ५ रुपैयाँ ५५ पैसा, डिजेलको प्रतिलिटर ४ रुपैयाँ ३७ पैसा र मट्टितेलको प्रतिलिटर ४ रुपैयाँ ३४ पैसा र ग्यास कम्पनीले प्रतिसिलिण्डर ३२८ रुपैयाँ २ पैसा मुनाफा पाउँछन् । हवाई इन्धन निगम आफैँले बिक्री गर्ने भएर त्यसमा छुट्टै नाफा राखिएको छैन। खरिद मूल्य, कर, प्रशासनिक तथा बिक्री खर्च, प्राविधिक नोक्सानी, ढुवानी र बिक्रेता कमिसन सबै जोड्दा बिक्री मूल्य भन्दा बढी हुन आउने र सोही रकम घाटाका रूपमा थपिँदै गएको निगमको भनाइ छ। लागतमूल्य भन्दा बिक्री मूल्य कम हुँदा पेट्रोलियम पदार्थको बिक्रीबाट लगातार नोक्सानी बढ्दै गएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताउनुभयो। निगमले उपलब्ध गराएको विवरण अनुसार खरिद मूल्यदेखि सबै खर्च जोडेर पेट्रोलको लागत मूल्य प्रतिलिटर १५५ रुपैयाँ २३ पैसा, डिजेलको प्रतिलिटर १३६ रुपैयाँ १३ पैसा, मट्टितेल प्रतिलिटर १०६ रुपैयाँ ८८ पैसा, हवाई इन्धन (आन्तरिक) प्रतिलिटर १०५ रुपैयाँ ५० पैसा र बाह्य ९७ रुपैयाँ ६८ पैसा तथा एलपी ग्यासको लागतमूल्य प्रतिसिलिण्डर दुई हजार १३५ रुपैयाँ ८ पैसा पर्न जान्छ। मूल्य बढेपछि पनि अहिले निमगलाई पेट्रोलमा प्रतिलिटर १३ रुपैयाँ २३ पैसा, डिजेलमा ११ रुपैयाँ १३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ५६० रुपैयाँ ९ पैसा घाटा छ भने मट्टिलमा प्रतिलिटर १८ रुपैयाँ १२ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिट १० रुपैयाँ ५० पैसा र बाह्यमा प्रतिलिटर ३२ रुपैयाँ ७२ पैसा नाफा छ।

आगामी १५ दिनमा पेट्रोलियम पदार्थको बिक्रीबाट रु दुई अर्ब २३ करोड ५३ लाख घाटा हुने निगमको प्रक्षेपण छ। १५ दिनमा पेट्रोलको बिक्रीबाट रु ४२ करोड ९६ लाख, डिजेलको बिक्रीबाट रु एक अर्ब एक करोड चार लाख र एलपी ग्यासको बिक्रीबाट रु ९९ करोड ५६ लाख घाटा हुने निगमको आँकलन छ।

जनजीवनसँग जोडिएको पेट्रोलियम पदार्थमा चर्को कर लगाइएको भन्दै आलोचनासमेत हुने गरेको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भए पनि कोरोना महामारीका कारण नागरिक आर्थिक चपेटामा परेका बेला राज्यले पेट्रोलियम पदार्थमा लिँदै आएको कर घटाउनुपर्ने अधिकारकर्मीको भनाइ छ। उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना पेट्रोलियम पदार्थको मूल्य बढेर जनता समस्यामा परेकाले त्यसमा लाग्दै आएको कर घटाएर नागरिकलाई राहत दिइनुपर्ने बताउनुहन्छ।

# 'यातायातको भाडा समायोजनको अधिकार संघीय सरकारलाई दिनुपर्छ'

**रासस**
**काठमाडौं, २१ माघ**

यातायात मजदुरहरुले सार्वजनिक यातायातको भाडा समायोजन अधिकार सङ्घीय सरकारलाई दिनुपर्ने माग गरेका छन्। नेपाली कांग्रेस निकट नेपाल यातायात मजदुर सङ्घ, नेकपा (एमाले) निकट नेपाल यातायात मजदुर सङ्गठन, नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल यातायात मजदुर सङ्घले आज सङ्घीय संसद् राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिका सभापति पशुराम मेघी गुरुङलाई भेटेर सार्वजनिक यातायातको भाडा समायोजन अधिकार सङ्घीय सरकारलाई दिनुपर्ने माग गरेका हुन्।

यातायात मजदुरले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा अन्य ऐनका श्रमिक प्रतिकूल दफाहरु संशोधन गर्न माग गरेका हुन् । सवारी साधन दुर्घटनापछि घाइतेको औषधोपचार खर्च रु तीन लाखको हदमा नबढ्ने गरी भुक्तानी दिने व्यवस्था संशोधन गर्न र सडक दुर्घटनाको अनुसन्धान र न्यूनीकरणका लागि सरोकारवाला सम्मिलित संयन्त्र बनाउन माग गरिएको नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्मराज भण्डारीले जानकारी दिनुभयो । मजदुरहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का कतिपय दफाहरुसँग बाझिने गरी प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन बनाएको भन्दै त्यसलाई खारेज गरी सङ्घीय ऐन र नियमावलीसँग नबाझिने गरी निर्देशिका बनाउन प्रदेश सरकारलाई अधिकार दिनुपर्ने बताएका छन् । ट्याक्सी भाडा प्रयोजनार्थ मिटर जडान गर्ने नापतौल विभागको ट्याक्सी टेम्पु एकाइलाई यातायात मन्त्रालय मातहत ल्याइने गरी कानूनमा संशोधन गर्नुपर्ने, बीमा समितिलाई यातायात मन्त्रालय मातहत ल्याउने गरी कानुनमा संशोधन गर्नुपर्ने, साना सवारीसाधनको गल्तीले हुने दुर्घटनाको क्षतिपूर्ति ठूला सवारीसाधनलाई भुक्तान गराउने गलत प्रथाको अन्त्य गर्दै कानूनी संशोधन गर्नसमेत माग गरेका छन्।

सवारी चालक अनुमतिपत्र वितरणसम्बन्धी प्रावधानमा ई-रिक्सा चालकका लागि विशेष व्यवस्था गर्नुपर्ने, सडक दुर्घटनामा घाइते तथा अङ्गभङ्ग भएका श्रमिक तथा सर्वसाधारण जनताको राहतका लागि कोषको व्यवस्था गर्नुपर्ने बताइएको छ । ज्ञापनपत्रमा अत्यावश्यक सामग्री ढुवानी गर्ने मालबाहक साना तथा ठूला सवारी साधनका लागि प्रत्येक सहरमा आवश्यक पूर्वाधारसहित पार्किङस्थलको व्यवस्था गर्नुपर्ने, सडक दुर्घटनापछि यातायात श्रमिकलाई अनुसन्धानका लागि छुट्टै हिरासत कक्षमा राख्ने, हतकडी नलगाउने व्यवस्था गर्नुपर्ने माग पनि सङ्घ सङ्गठनले गरेका छन्।

# फागुन १ गतेदेखि शिक्षालय खोल्न सुझाव

**रासस**
**काठमाडौं, २१ माघ**

कोभिड-१९ को तेस्रो लहरको प्रभाव कम हुँदै गएको सन्दर्भमा बन्द शिक्षालय पुनः सञ्चालनका लागि गृहकार्य शुरु भएको छ।

शिक्षालयसँगै विभिन्न सेवा क्षेत्रको सञ्चालन र सहजीकरणबारे कोभिड सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमी) ले शुक्रबार शिक्षा क्षेत्रका अधिकारी र सरोकार भएकाहरुसँग गरेको छलफलमा उक्त गृहकार्य भएको हो । प्राप्त सुझावका आधारमा आगामी आइतबार राज्यमन्त्री उमेश श्रेष्ठको उपस्थितिमा सिसिएमसीको बैठक गरेर थप सिफारिस गरिने भएको छ । सिसिएमसीका प्रमुख एवं प्रधानमन्त्री एवं मन्त्रिपरिषद् को कार्यालयका सचिव रामप्रसाद थपलियाको उपस्थितिमा भएको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव दीपक शर्मा, गाउँपालिका राष्ट्रिय महासङ्घका महासचिव वंशीलाल लामा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष टीकाराम पुरी, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएशन (नेशनल प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटा, अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारी, नेपाल शिक्षक महासङ्घका अध्यक्षा कमला तुलाधरलगायतको सहभागिता थियो। नेशनल प्याब्सनका अध्यक्ष सापकोटाका अनुसार आधारमा आगामी फागुन १ गतेदेखि विद्यालय खोल्ने विषयमा सिसिएमसी र सरकारले ठोस निर्णय लिनुपर्ने सुझाव दिइएको छ। यही माघ २५ गतेसम्म कोभिडविरुद्धको खोप लगाउन योग्य र छुटेका बालबालिकालाई खोप उपलब्ध गराउन पनि बैठकले निचोड निकालेको छ । काठमाडौंलगायत विभिन्न जिल्ला प्रशासन कार्यालयले यही माघ मसान्तसम्म शिक्षालयलगायत सेवा बन्दको आदेश जारी गरेका छन् तर गोकर्णेश्वरलगायत नगरपालिकामा आफुखुशी विद्यालय खोल्न थालिएको छ।


## प्यारालाइसिसका विरामीको उपचार

यस हस्पिटलमा विशेष छुटका साथ प्यारालाईसिसका विरामीको उपचार भैरहेको जानकारी गराउदछौ। प्रेसरले हानेर प्यारालाईसिस भएका विरामीको मात्र उपचार गरिन्छ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने।
- मुख बाङ्गो भएको।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- हिड्न नसक्ने। खुट्टा, हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बागलुङमा ज्येष्ठ नागरिकलाई कोरोनाविरुद्धको बुस्टर डोज

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

यहाँका ६२ देखि ६४ वर्षभित्रका ज्येष्ठ नागरिकलाई शुक्रबारदेखि कोभिड-१९ विरुद्धको बुस्टर डोज दिन थालिएको छ । सो उमेर समूहका झण्डै तीन हजार ५०० जनाले खोपको थप मात्रा पाउने छन् ।

खोपको दोस्रो मात्रा लगाएको ६ महिना पुगेका ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिन लागिएको जिल्ला स्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले बताउनुभयो । उहाँका अनुसार जिल्लाका दसवटै स्थानीय तहमा अहिले कोभिड-१९ विरुद्धको खोप अभियान चलिरहेको छ । "हरेक स्थानीय तहमा सातामा दुई बार खोप सेवा सञ्चालन भइरहेको छ, बुस्टर मात्रा पनि त्यसैअन्तर्गत दिइन्छ", उहाँले भनुभयो, "६० वर्षमाथिका सबैलाई बुस्टर डोज लगाउने भनिए पनि दुवै मात्रा खोप लगाएर ६ महिना पुगेका ६२-६४ वर्ष उमेर समूहलाई पहिलो चरणमा खोप दिन लागिएको हो ।" उहाँले सरकारी नीतिअनुरुप नै जिल्लामा खोपको उपलब्धता हेरेर सबै ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिइने बताउनुभयो । यसअघि महामारीका बेला अग्रभागमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, पत्रकारलगायत गरी करिब तीन हजारलाई बुस्टर डोज दिइएको थियो । कोभिशिल्ड र भेरोसेल खोप लगाएकाले त्यसकै थप मात्रा पाएका हुन् । पहिले जुनसुकै खोप लगाएको भए पनि अहिले कोभिसिल्डकै बुस्टर मात्रा दिन मिल्ने गरी नयाँ खोप वितरण नीति तय भएको सुपरभाइजर खत्रीले बताउनुभयो । बागलुङ नगरपालिकाको स्वास्थ्य शाखाले आज र मङ्गलबार ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिइने जनाएको छ । नगरको स्वास्थ्य शाखा परिसरबाट खोप सेवा प्रदान हुनेछ । अरु स्थानीय तहले पनि स्थानीय अनुकुलतामा बार तोकेर खोप अभियान सञ्चालन गरिरहेका छन् । स्वास्थ्य कार्यालयको आकडाअनुसार जिल्लाका १८ वर्षमाथिका ८८ प्रतिशत नागरिकले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् । खोपको दुवै मात्रा लगाउनेको सङ्ख्या भने ७८ प्रतिशत छ ।पहिलो मात्रा खोप लगाउने एक लाख ४४ हजार ९७० छन् भने दुवै मात्रा लगाउनेको सङ्ख्या एक लाख २८ हजार ५५९ रहेको छ । बाह्रदेखि १७ वर्षभित्रका झण्डै २७ हजार बालबालिका र किशोरकिशोरीलाई पनि मोडर्ना खोप दिन सुरु गरिएको छ । बाह्र वर्षमुनिका बालबालिकाका लागि भने अहिलेसम्म खोप आइसकेको छैन । सरकारले आउँदो चैतभित्रमा सबै नेपालीलाई खोपको पहुँचमा ल्याउने लक्ष्य राखेको छ । सबै उमेर समूहलाई लक्ष्य गरी खोप अभियान चलेमा यहाँका दुई लाख ५० हजार ५४४ जनालाई खोप दिनुपर्नेछ ।

खोपकै कारण कोरोना महामारीको तेस्रो लहर कम जोखिमपूर्ण देखिएको स्वास्थ्यकर्मी बताउँछन् । धवलागिरि अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलका अनुसार पछिल्लो लहरमा कोभिड-१९ ले थलिएर अस्पताल भर्ना हुनेको संख्या न्यून छ । "खोपले शरीरको प्रतिरोधी क्षमता बढाएका कारण सङ्क्रमण भइहाले पनि स्वास्थ्य जटिलता निम्तिएको छैन", उहाँले भन्नुभयो ।

हाल जिल्लामा कोभिड-१९ का सक्रिय सङ्क्रमितको संख्या चार सय ८४ छ । पछिल्ला दिनमा दैनिक थपिने सङ्क्रमितको संख्या घट्दो छ । बिहीबार २२ सङ्क्रमित थपिएका छन् भने ८५ जना कोरोनामुक्त भएका छन् ।

# लमजुङमा हिमपात हुँदा जनजीवन प्रभावित

पोखरापत्र संवाददाता
लमजुङ, २१ माघ

जिल्लामा शुक्रबार बिहानैदेखि बाक्लो हिमपात भएको छ । जिल्लाका उच्च तथा ग्रामीण भेगमा परेको हिमपातका कारण जिल्लाभर चिसोले जनजीवन प्रभावित भएको छ । बिहीबार साँझदेखि वर्षा भएकोमा आज बिहानदेखि उच्च भेगमा हिमपात र जिल्लाका अधिकांश भागमा वर्षा हुँदा यहाँका जनजीवन प्रभावित हुन पुगेको हो ।

लमजुङ हिमाल र अन्नपूर्ण हिमालको काखमा रहेको दक्षिण एशियाकै नमूना क्व्होलासोथर गाउँपालिका-३ घलेगाउँ, मर्स्याङ्दी गाउँपालिका-१, घनपोखरा ३, हर्सिडडाँडा र सिउरुङ, बैँसीशहर नगरपालिका-१० को पिस हिल, खाँचे, दोर्दी गाउँपालिका-६ दाम्राङलगायत ग्रामीण बस्तीमा बाक्लो हिमपात भएको स्थानीयवासीले बताएका छन् । घलेगाउँका स्थानीय गङ्गाबहादुर घलेले भन्नुभयो, "साँझदेखि हल्काहल्का परेको थियो । बिहानैदेखि बाक्लो हिमपात हुँदा गाउँका १२५ घरधुरी नै हिमपातले ढाकेको छ ।" अझै हिमपात र चिसो बढिरहेकाले यहाँका स्थानीयवासी काममा निस्कन नसकेको उहाँको भनाइ छ । यसअघि यही माघ १२ गते मङ्गलबार हिउँ परेको थियो । हिमपात भइरहेकाले गाईबस्तुलाई खुवाउनका लागि घाँस काट्न समेत जान नसकेको बताइएको छ । पिस हिल स्टेसनका सञ्चालक जीत तामाङले तल्लो बस्ती भुस्मेसम्मै हिउँ पर्दा यहाँका जनजीवन प्रभावित भएको बताउनुभयो। दोर्दी गाउँपालिकाका पर्यटन व्यवसायी युवराज अधिकारीले दाम्राङ डाँडामा पनि हिमपात भएकाले डाँडा क्षेत्र रमणीय देखिएको बताउनुभयो । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक जगदीश रेग्मीले भन्नुभयो, "हिमपात नभएको स्थानमा वर्षा भइरहेको जानकारी प्राप्त भएको छ ।" यतिबेला हिउँ नपरेको स्थानमा समेत चिसो भइरहेकाले अधिकांश स्थानीय घरभित्रै बस्न बाध्य भएको उहाँको भनाइ छ । हिमपात र वर्षा भइरहे पनि हालसम्म कुनै घटना तथा कुनै पनि सडक भने अवरुद्ध नभएको प्रहरीले जनाएको छ । घलेगाउँ, सिउरुङलगायत गाउँ घरबास (होमस्टे) हो । यहाँ हिउँ पर्दा विगतमा पर्यटक आउने गरे पनि यसवर्ष कोरोना सङ्क्रमणका कारण सुनसान रहेको घरवास सञ्चालकको भनाइ छ ।

# घरधनीको धरौटी जफत गर्दै बागलुङ नगरपालिका

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

बागलुङ बजारस्थित अस्पताल रोडका एक घरधनीले नयाँ घर निर्माणका लागि जग खन्ने क्रममा सडकमा क्षति पुऱ्याए । डोजर प्रयोग गरेर घरको जग खन्दा भर्खर मात्रै कालोपत्र गरेको सडक उप्कियो, अहिले चार तलाको घर सम्पन्न भइसक्यो तर सडकको खाल्टा जस्ताको तस्तै छ । खाल्टोमा पानी जमेर यात्रुलाई सास्ती पुगेको छ ।

सडकमा क्षति पुऱ्याएर घर निर्माण सम्पन्न दिँदासमेत केही कारबाही नगरेर धरौटी रकम फिर्ता गरेको नगरपालिकाले सडकमा क्षति नपुऱ्याउने घरधनीलाई समेत एउटै नियम बनाएर अघि बढेको पाइएको छ । गत असारदेखि धरौटी रकम शतप्रतिशत नै जफत गर्ने निर्णय नगर कार्यपालिकाले गरेको छ । गुमेको राजस्व फिर्ता ल्याउने र राजस्वको दायरा बढाउन नसकेको नगरपालिकाले रकम भने जफत गर्ने नीति ल्याएको घरधनीको आरोप छ ।

घर निर्माण गर्दा सडकमा क्षति नपुऱ्याउने घरधनीको रकमसमेत नगरपालिकाले जफत गर्ने नीति व्यावहारिक नभएको घरधनी आशिष राजभण्डारीले बताउनुभयो । "नगरपालिकाले धरौटी भनेर लिइसकेपछि पूरै रकम फिर्ता हुनसपर्दछ," उहाँले भन्नुभयो ।

सडकलाई कुनै क्षति नगरी घर निर्माणपछि धरौटी रकम जफत गर्ने विषय घरधनीको रकम कुम्ल्याउने नगरपालिकाको योजना पाइएको तुलसी शर्माले गुनासो गर्नुभयो । "नगरपालिकाले जनप्रतिनिधिको सेवा बढाउन, सवारी साधन खरिद गर्नका लागि घरधनीको धरौटी रकम जफत गरेको देखिन्छ," उहाँले भन्नुभयो, "नगरपालिकाले तोकेको नक्सापास शुल्क तिरेर घर निर्माणपश्चात् धरौटी रकम लिन आउँदा जफत गर्ने कुरा असान्दर्भिक छ ।" राजस्वको मुख्य स्रोत ढुङ्गा तथा गिट्टी बालुवाको अवैध दोहन तथा चोरी भइरहेको टुलुटुलु हेर्ने नगरपालिकाले घरधनीसँग लिइएको धरौटी जफत गर्नुले नगरपालिकाको नियतमा खोट देखिएको घरधनीहरूको आरोप छ । धरौटीबापत लिइएको जुनसुकै रकम फिर्ता गर्नुपर्ने कानुन विज्ञहरूको भनाइ छ । नगरपालिकाले धरौटीबापत लिएको रकम घरधनीले सडक तथा नालीमा क्षति नपुऱ्याएको खण्डमा फिर्ता गर्नुपर्ने अधिवक्ता केशवराज पराजुलीले बताउनुभयो ।

"धरौटीबापत नगरपालिकाले लिएको रकम सडकमा क्षति पुऱ्याएको खण्डमा नगरपालिकाले क्षतिको मूल्याङ्कनपश्चात् घरधनीको धरौटीबाट कटाउनुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "घर निर्माण गर्दा कुनै क्षति नै नपुऱ्याएको अवस्थामा नगरपालिकाले पूरै रकम घरधनीलाई फिर्ता गर्नुपर्दछ ।" नियमभित्र रहेर घर निर्माण सम्पन्न भइसक्दा धरौटीबापतको रकम नगरपालिकाले फिर्ता गर्नुपर्ने उहाँको तर्क छ । घर निर्माण गर्दा सडकमा क्षति पुऱ्याउने र नपुऱ्याउनेलाई नगरपालिकाले एउटै नियम लागू गर्न नमिल्ने नगरपालिकाकै कर्मचारीहरू बताउँछन् । नगरपालिकाले कुन घरधनीले घर निर्माण गर्दा सडकमा क्षति पुऱ्याएको तथा नपुऱ्याएको, मापदण्डअनुसार घर बने नबनेको अवलोकन गर्नका लागि कर्मचारी खटाउन नसकेको घरधनीको आरोप छ ।

असारअघि धरौटीको ५० प्रतिशत रकम फिर्ता गर्दै आएको नगरपालिकाले असारपछिको सम्पूर्ण धरौटी रकम सडक मर्मत कोषमा जम्मा गर्न थालेको बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले बताउदनुभयो । "नगरपालिकाले धरौटीबापत घरधनीबाट लिएको रकम सडक मर्मत कोषमा जम्मा गर्ने गरी नगरकार्यपालिकाबाट निर्णय भएको हो," उहाँले भन्नुभयो, "कसैले घर निर्माण गर्दा क्षति पुऱ्याएमा हामीले नै मर्मत सम्भार गर्नेगरी धरौटी रकम जफत गर्न थालिएको हो ।"

# हिउँले डाँडाकाँडा ढाकिए: किसानलाई राहत

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

गएराति रिमझिम झरीसँगै खसेको हिउँले यहाँका डाँडाकाँडा ढाकिएका छन् । ततलत बस्तीसम्मै हिउँ झरेको छ । केही दिनयता मौसम धुम्मिएर चिसो बढिरहेका बेला हिमपातले झन् जाडो थपेको छ । जाडोका कारण यहाँको जीनजीवन प्रभावित बनेको छ ।

ढोरपाटन, घुम्टे, गाजा, डुँडेलेक, बेलढुङ्गा, घोडाबाँधे, थामानेटालगायत पर्यटकीयस्थल हिउँले सेताम्मे बनेका छन् । घोडाबाँधेदेखि तल बिहुँ पोखरासम्मै हिउँ परेको रिजालचोकका होटेल व्यवसायी विष्णु थापाले जानकारी दिनुभयो । "रातिदेखि नै हिउँ पर्न थालेको हो, बिहान उठ्दा त खात लाइसकेको थियो", उहाँले भन्नुभयो ।

सोही ठाउँ भएर मध्यपहाडी पुष्पलाल लोकमार्गमा चल्ने सवारीसाधन पनि हिउँ छिचोल्दै गन्तव्यस्थलतर्फ लागिरहेका छन् । चिसोले गर्दा जरुरी नपरी मानिसहरू घरबाहिर निस्केका छैनन् ।

ताराखोला गाउँपालिकाको केन्द्र भात खाने डाँडासम्मै हिउँ खसेको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो । भातखाने डाँडा एक हजार ६०० मिटरको उचाइमा छ । "अहिले पनि हल्का वर्षा र हिमपात भइरहेको छ, चारैतिर सेताम्मे छ", उहाँले भन्नुभयो, "डुँडेलेक, सीपलगायत उपल्लो भेग हिउँले छोपेको छ, मौसम सफै चिसो छ ।" गलकोटको घुम्टे लेक, निलुवा, पाण्डवखानीलगायतका ठाउँमा पनि भारी हिमपात भएको छ । देशकै एक मात्र सिकार आरक्ष रहेको ढोरपाटन क्षेत्र पनि हिउँले ढाकिएको छ । तीन फिटसम्म बाक्लो हिउँ परेको आरक्ष कार्यालयले जनाएको छ ।

बागलुङ-पूर्वी रुकुमको सीमा पातीहाल्नेमा हिमपातले सडक यातायात प्रभावित बनेको छ । हिउँले अवरोध पुऱ्याएका ठाउँमा सडक सफाइ गर्न सुरक्षाकर्मी र स्थानीयवासी खटिएका छन् । सदरमुकाम बागलुङ बजार वरिपरिका डाँडा र बस्तीमा पनि बाक्लो हिमपात भएको छ । पर्वतको मल्लाज, बनौ लगायतका ठाउँ पनि हिउँले सेताम्मे छन् । हिउँ पर्दा रमाउनेहरू पनि छन् । पर्यटकीयस्थलमा हिउँ खेल्नेको चहलपहल देखिन थालेको छ । सहरियाहरू हिउँ परेको याममा बढी आनन्द लिन्छन् । घरै छाडेर उनीहरू हिउँ खेल्न डाँडातिर उक्लन्छन् । वर्षा र हिमपातले किसानलाई भने फाइदै पुऱ्याएको कृषि ज्ञान केन्द्रका प्रमुख भानु भट्टराईले बताउनुभयो ।

"किसानलाई अहिलेको वर्षा अमृत समान हो, अन्न र तरकारी बालीलाई यसले राहत मिलेको छ", उहाँले भन्नुभयो, "माटोमा चिस्यान बढ्दा बीउ छिटो उम्रने, बालीको उब्जाउ बढ्ने हुन्छ ।" हिउँदे आलु लगाउने तरखरमा रहेका किसानलाई पनि अहिलेको वर्षाले राहत दिलाएको उहाँको भनाइ छ । तल्लो भेगमा हिउँ नपरी वर्षा मात्र भएकाले बैंसीको गहुँ र तोरीबारीलाई फाइदा पुगेको प्रमुख भट्टराईले बताउनुभयो । तलैसम्म भारी हिमपात भएको भए तोरी बाली नाश हुन सक्थ्यो । हिउँदे वर्षाले फलफूललाई पनि फाइदा पुग्ने उहाँको भनाइ छ ।

# मुस्ताङमा पुनः हिमपात भएसँगै विद्युत् तथा यातायात अवरुद्ध

पोखरापत्र संवाददाता
मुस्ताङ, २१ माघ

मुस्ताङमा पुनः हिमपातसँगै बढेको चिसोले जनजीवन प्रभावित भएको छ ।

वर्षा, हिमपात र चिसोका कारण सर्वसाधारणको दैनिकी, हवाई तथा सडक यातायात सेवा प्रभावित भएको छ । जोमसोम, मुक्तिनाथ, लोमान्थाङ, लेते, ठिनीलगायत मुस्ताङका सबै क्षेत्रमा हिउँ परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। सडकमा हिउँ जमेपछि जोमसोम-मुक्तिनाथ र जोमसोम-लोमान्थाङ सडकमा यातायात सेवा बन्द भएको छ । जोमसोमा आधा फिटसम्म बाक्लो हिउँ र जोमसोम माथिको गाउँमा १ फिटसम्म बाक्लो हिउँ जमेको छ । मुस्ताङका सबै गाउँपालिकामा विद्युत् अवरुद्ध भएको जिल्ला प्रहरी कार्यलय जोमसोमले जनाएको छ । सरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि न्यून छ । सडक, पुल, भवन, सिँचाइलगायत विकास निर्माणका काम पनि चिसोका कारण प्रभावित भएको छ । उपल्लो मुस्ताङका बासिन्दा कुरवालाई घर जिम्मा लगाएर जाडो छल्न कात्तिकमै बैँसीका न्यानो स्थानमा झरेका थिए । वर्षा र हिमपातले किसानमा भने खुशीयाली छाएको छ । यो वर्ष मुस्ताङमा चौथो पटक हिउँ परेको हो । वर्षा भएपछि सिँचाइ हुने, खेतबारीमा राखेको मल भिजेर बिरुवालाई आवश्यक तत्व आपूर्ति हुने थासाङ गाउँपालिका-२ का वडाध्यक्ष नरप्रसाद हीराचनले बताउनुभयो ।

हिउँ पग्लिएर खेतबारीमा हालेको मल भिज्ने र बोट बिरुवा फस्टाउने तथा उत्पादन बढ्ने किसान बताउँछन् । स्याउको परागसेचनका लागि माइनस तापक्रमको आवश्यक पर्ने भएकाले पनि हिमपात स्याउ जोनका लागि सकारात्मक भएको नाप्रस एमुना लामाले बताउनुभयो । स्याउ, जौं, गहुँ, उवा, फाँपर बाली सप्रने किसानको विश्वास छ ।

# तनहुँको अग्लो डाँडा छिम्केश्वरीमा हिमपात

पोखरापत्र संवाददाता
दमौली, २१ माघ

तनहुँको सबैभन्दा अग्लो स्थानमा रहेको आँबुखैरेनी गाउँपालिकास्थित छिम्केश्वरीमा हिमपात भएको छ । बिहीबार रातिदेखि वर्षा भएसँगै शुक्रबार बिहान छिम्केश्वरी डाँडामा हिमपात भएको हो ।

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरी डाँडामा वर्षौंपछि हिमपात भएको वडाध्यक्ष पञ्चबहादुर गुरुङले जानकारी दिनुभयो । "जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीमा लामो समयपछि हिमपात भएको छ, यसभन्दा अगाडि धेरै वर्ष पहिला हिउँ परेको थियो", उहाँले भन्नुभयो । उहाँका अनुसार छिम्केश्वरी मन्दिरभन्दा केही तल रहेको ठूलढुङ्गी भन्ने ठाउँमा हिमपातले डाँडा सेताम्य भएको छ । "बस्ती नभएको ठाउँमा हिउँ परेर डाँडा सेताम्य भएको छ, यसभन्दा पहिला पनि हल्काहल्का पर्ने गरे पनि यस पटक भने डाँडा सेतो हुने गरी हिउँ परेको छ", उहाँले भन्नुभयो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यासित लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्थानीय तहमा योजनाका काम धमाधम

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

काठेखोला गाउँपालिकाका प्राविधिक शाखाप्रमुख विनोद शर्मा माघ लागेपछि अन्य समयमा भन्दा व्यस्त हुनुहुन्छ । उहाँलाई उपभोक्ताका काम गर्न भ्याइनभ्याइ छ । वडा तहमा विनियोजन भएका योजनाको लगत अनुमान बनाउने र काममा उपभोक्ता समितिलाई सहयोग गर्न प्राविधिक लागिपरेका छन् । शर्मासँगै उहाँको शाखाका इञ्जिनियर र सबओभरसियर पनि व्यस्त छन् ।

जैमिनी नगरपालिकाका इञ्जिनियर विवेक सापकोटा कहिले मोटरसाइलमा दौडिनुहुन्छ त कहिले पैदलै उपभोक्ताले काम गर्ने स्थलमा पुग्नुहुन्छ । उहाँलाई पनि कामको चटारो छ। जैमिनी नगरपालिकाले माघ १५ गतेसम्म मात्रै योजनाको सम्झौता गर्ने भनेको थियो। कोरोना लगायतका कारण देखाउँदै केही समय थप भएको भए पनि उपभोक्ता समितिमार्फत गर्नुपर्ने कामको सम्झौता सक्ने पर्ने चाप छ । फागुनको पहिलो सातापछि योजना सम्झौता गर्नेमा नगरपालिका छैन। बागलुङ नगरपालिकाका इञ्जिनियर मनोज शर्माले बिदाको दिनसमेत उपभोक्ताको काम गरिरहनुभएको छ। वडा तहमा पुग्ने र योजनाको स्थलगत अध्ययन गरेर अनुमान बनाउन बागलुङ नगरको प्राविधिक शाखालाई पनि चटारो छ । कोरोना महामारीका कारण कार्यालय बन्द हुँदा योजनाको अनुगमन र अनुमान तयार गर्ने काम नरोकिएको हो ।

एकातर्फ कोरोना महामारीको चपेटो छ भने अर्कोतर्फ स्थानीय तहको निर्वाचन हुने चर्चाले स्थानीय तहमा काम गर्न उपभोक्तालाई चटारो छ । चुनाव घोषणा हुँदा विनियोजित योजनासमेतप्रभावितहुनेभएकोले निर्वाचनको मिति घोषणा नहुँदै योजना सम्झौताका लागि वडा तहमा दबाब छ । बागलुङका १० वटै स्थानीय तहले सोही अनुसार काम गरिरहेका छन् । अधिकांश स्थानीय तहले ७५ प्रतिशत योजनाको सम्झौता सकेका छन् । "समयमै काम सक्नुपर्छ भनेर लागेका छौँ", शर्माले भन्नुभयो, "पहिलेका वर्षमा जस्तो कोरोनाका कारण विकासे योजनाका काम रोकिएका छैनन् ।" बागलुङ नगरपालिकाले योजना सम्झौताका लागि अन्तिम मिति नतोकेको भए पनि फागुनभित्रै सबै योजनाको सम्झौता सकेर काम सुरु हुने शर्माले बताउनुभयो । जिल्लामै सञ्चालनमा रहेका सङ्घीय तथा प्रदेश स्तरका योजना कोरोनाका कारण देखाउँदै काम रोकेर बसेका बेला स्थानीय तहले भने धमाधम गरिरहेका छन् । मध्यपहाडी लोकमार्ग बागलुङ-बिहुँखण्ड र बलेवा विमानस्थलको कालोपत्र गर्ने काम कोरोना महामारीको कारण देखाएर रोकिएका छन् ।

"हामीले सुरक्षित भएर काम गर्न उपभोक्तालाई भनेका छौँ, निर्माणस्थलमा धमाधम काम भइरहेको छ", काठेखोला गाउँपालिकाका अध्यक्ष अमर थापाले भन्नुभयो, "कोरोनाको प्रभाव नगन्य छ ।" असारे विकास रोक्न र हिउँदमा काम गर्दा सबै हिसाबले उपलब्धिमूलक हुने भएकाले नगरका विनियोजित योजनाका कामलाई अघि बढाउन ताकेता गरिएको जैमिनी नगरपालिकाका प्रमुख इन्द्रराज पौडेलले बताउनुभयो ।

# सिक्लेस बन्यो हिउँ खेल्ने गन्तव्य

–वासुदेव पौडेल
गण्डकी, २१ माघ

कला, संस्कृति र अनुपम प्रकृतिका कारण स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बन्दै गएको कास्कीको पर्यटकीय गाउँ सिक्लेस जाडो याममा हिउँ खेल्ने गन्तव्यका रूपमा पनि विकास हुने देखिएको छ।

जाडो याममा लगातर पानी परेसँगै हिउँ पनि पर्न थालेसँगै यस ठाउँलाई जाडोको याममा पोखराबाट नजिकै रहेको हिउँ खेल्ने गन्तव्यका रूपमा विकास गर्न सकिने देखिएको हो । गुरुङ कला संस्कृतिको जीवन्त सङग्रहालय जस्तै बनेको सिक्लेसमा एक वर्षअघि हिउँ परेकोमा यस वर्ष पनि पुनः हिउँ परेको सिक्लेस युवा क्लबका पूर्व सचिव देवीजङग गुरुङले जानकारी दिनुभयो।

दुई दिनयता लगातारको चिसोसँगै बिहीबार साँझदेखि पानी पर्न थालेकोमा आज बिहानदेखि हिउँ परेको उहाँले जानकारी दिनुभयो । पोखराबाट नजिकै रहेका कारण यस ठाउँमा हिउँ परेसँगै आन्तरिक पर्यटक पोखराबाट पुग्ने गरेका छन्। समुद्री सतहबाट दुई हजार मिटर उचाइमा रहेको यो गाउँ लमजुङ हिमालको काखमा लुट्पुटिएको उल्लेख गर्दै उहाँले वरिपरिको हरियो वनजङ्गलका कारण सिक्लेसमा चरा र वन्यजन्तुप्रेमीलाई यो ठाउँले लोभ्याउने गरेको बताउनुभयो । १५/२० दिनअघि गाउँमाथिको ऋषिङ डाँडासम्म हिउँ पर्दा हर्षित बनेका यहाँका स्थानीयवासी बिहानदेखि गाउँमा नै हिउँ फुसफुसाउन थालेपछि निकै खुसी बनेका छन्।

लगभग चार सय कुरिया घरधुरी रहेको सिक्लेस नेपालकै ठूलो गुरुङ गाउँका रूपमा परिचित छ । यातायातका साधन हुँदै पोखराबाट लगभग चार घण्टाको यात्रामा पुग्न सकिने यो गाउँमा पुग्नासाथ ढुङ्गाले छाएको एवं छापिएको गुजुमुच्च तर अत्यन्त सफा र सुन्दर नमूना बस्ती देख्न सकिन्छ।

गाउँका बाटाघाटा तथा घर तथा चोकमा प्लास्टिक तथा कागज केही नभेटिने यो ठाउँ मानव सभ्यता र संस्कृतिको ज्वलन्त उदाहरण जस्तै बनेको छ । गुरुङ जातिको कला तथा संस्कृतिको जीवन्त सङ्ग्रहालय जस्तै बनेको यो गाउँबाट गुरुङ जातिको अन्तिम राज्य क्होलासोंथर एक दिनमा पुग्न सकिने भएका कारण पछिल्लो समयमा गुरुङ जातिको अध्ययन तथा अनुसन्धानका लागि स्वदेशी एवं विदेशी अनुसन्धाता पनि यहाँ पुग्ने गरेका छन्।

त्यस्तै यहीबाट कफुचे हिमताल पुग्न सकिन्छ। सिक्लेसमाथिको कफुचे हिमतालसम्मका क्षेत्र हिउँ परेका कारण सेताम्य देखिँदा यहाँको सुन्दरता मनमोहक देखिएको छ । यहाँस्थित सिक्लेस ईको म्युजियमले आउने जोकोहीलाई आकर्षित गर्ने गरेको छ। गुरुङ संस्कृतिको वेषभूषा, रहनसहन तथा परम्परालाई जीवन्त रूपमा झल्काउने सामग्रीले सङग्रहालयको गरिमा र महत्व अझै बढाएको छ । सङ्ग्रहालयमा गुरुङ जातिका भेषभूषा तथा संस्कृतिको जानकारी गराउने सामग्रीका साथै यस क्षेत्रमा पाइने अत्यन्त महत्वपूर्ण कुट्को, कुरिलो, सतुवा, विष, जटामसी, सिल्टीमुर, पाँचऔँले र यार्सागुम्बाजस्ता जडिबुटी आदिलाई सङ्ग्रह गरेर राखिएको छ।

सिक्लेसको कला, संस्कृति र प्रकृतिप्रति बढ्दै गएको पर्यटकीय आकर्षणसँगै जाडोको याममा समय समयमा पर्ने हिउँले यो ठाउँलाई पोखरा नजिकैको हिउँ खेल्ने गन्तव्यका रूपमा पनि देखाएको सिक्लेस होटेल व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिनुभयो। "आज बिहान गाउँमा नै हिउँ परेपछि आएका पर्यटक पनि हर्षित बनेका छन्", उहाँले भन्नुभयो, "अहिले गाउँमाथिको पार्कमा हिउँ परिरहेको छ, हिउँ खेल्नका लागि पर्यटक थपिन सक्ने अपेक्षा गरेका छौं।"

यहाँको पार्कबाट लमजुङ हिमाल, अन्नपूर्ण-२, अन्नपूर्ण-४ का साथै वरिपरिको पहाडी भू-भागको एक साथ दृश्यावलोकन गर्न सकिन्छ। सिक्लेसमा खान-बस्नका लागि स्थानीय बासिन्दाले सञ्चालन गरेका घरबास (होमस्टे) तथा होटल उपलब्ध छन् । सिक्लेससहित कफुचे हिमताल क्षेत्रसम्म गरी २६ वटा होटेल तथा २० वटा होमस्टे सञ्चालनमा आएको गुरुङले जानकारी दिनुभयो।

पोखराबाट ४० किलोमिटर उत्तरमा रहेको सिक्लेसमा विगतमा पदयात्राबाटै मानिस पुग्ने गरेकोमा अहिले पदयात्राका साथै हिँड्न नसक्ने गाडीबाट पुग्ने गरेका छन्। गाडीबाट काँहुखोला, ढाडबैंसी, काभ्रेखोला, छाचोक, मेल्चो, थाक, तप्राङ, चिप्ली, पार्चे हुँदै सिक्लेस पुग्न सकिन्छ। यो गाउँ अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको घलेखर्क सिक्लेस ईको ट्रेकभित्र पर्दछ।

# जनप्रतिनिधिको तलबवापत पाएको २० लाख सामाजिक क्षेत्रमा

पोखरापत्र संवाददाता
म्याग्दी, २१ माघ

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले जनप्रतिनिधिको हैसियतमा सुविधावापत पाएको रु २० लाखभन्दा बढी रकम सामाजिक काममा खर्चनुभएको छ । विपन्नको शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, खेलकुद, संस्कृति संरक्षण, धार्मिकस्थलको विकास र बजेट अभावले अधुरा बनेका विकास आयोजनालाई पूर्णता दिन सुविधावापत पाएको रकम खर्चनुभएको हो।

सेवा सुविधालाई छुट्टै बैंक खातामा जम्मा गरेर करिब पाँच वर्षको अवधिमा रु २० लाख सामाजिक क्षेत्रमा खर्च गरेको भारतीय सेनाका सेवानिबृत्त क्याप्टेनसमेत रहनुभएका अध्यक्ष पुनले बताउनुभयो । "पेन्सनले मेरो खर्च पुग्छ, परिवारका सदस्य आफैँ आत्मनिर्भर छन्", उहाँले भन्नुभयो, "जनतासँग गरेको प्रतिबद्धताअनुसार सेवा सुविधालाई सामाजिक क्षेत्रमा लगाएको हुँ।"

गण्डकी प्रदेश सरकारले गाउँपालिकाका अध्यक्षलाई विभिन्न शीर्षकमा मासिक रु ४८ हजार सुविधा तोकेको छ। पोखराको सुन्दरीडाँडास्थित शिवमन्दिरमा नियमित पूजा सञ्चालनका लागि रु पाँच लाखको अक्षयकोष स्थापना गरेर एक पुजारीलाई तलबको व्यवस्था गर्नुभएका अध्यक्ष पुनले नारच्याङ आधारभूत विद्यालयमा रु एक लाखको अक्षयकोष स्थापना गर्नुभएको छ । परिवारको कमजोर आर्थिक अवस्थाका कारण इञ्जीनियरिङको प्रवेश परीक्षा उत्तीर्ण भए पनि भर्ना हुन नसकेका पाउद्धारका काजल रोकालाई रु एक लाख सहयोग गरेर गण्डकी बोर्डिङ स्कुलमा भर्ना गरिदिनुभएका पुनले करेन्ट लागेर दुवै हात गुमाएकी पाउद्धारकै कृशिखा विकको उपचारका लागि रु ३० हजार सहयोग गरेर सुरु गरेको अभियानबाट रु २० लाखभन्दा बढी जुटेको छ।

गाउँपालिकाका विद्यालयमा 'टेलिटिचिङ' सुरु गर्न रु ५० हजार सहयोग गरेर अभियान सुरु गर्नुभएका पुनले ज्ञानप्रकाश माविलाई रु ५० हजार, मुक्तिमार्ग माविलाई रु ५० हजार, शिख माविलाई रु एक लाख, काफलडाँडाको करबाकेली संरक्षण समितिलाई रु एक लाख १० हजार, पाउद्धारको उपल्लोगाउँको आमा समूहको भवन निर्माणमा रु दुई लाख ५० हजार, पाउद्धार युवा क्लबलाई मन्दिर बनाउन रु ५० हजार, फलातेमा खेलमैदान बनाउन रु ५० हजार, किन्दुको आमा समूहलाई भाँडा खरिद गर्न रु ४२ हजार सहयोग गर्नुभएको छ। घरापमा खानेपानी योजनालाई रु एक लाख १० हजारको पाइप खरिद गरेर उपलब्ध गराउनुभएका पुनले बजेट अभावमा अधुरो बनेको घारको खानेपानी आयोजनालाई पूर्णता दिन रु एक लाख सहयोग गर्नुभएको छ । दोसल्लेका धनबहादुर पुनको घर पुनर्निर्माणका लागि जस्तापाता किन्न रु ३५ हजार सहयोग गर्नुभएको छ। कोप्चेपानीको धवलागिरि आधारभूत विद्यालयलाई रु ५० हजार, हिस्तान स्वास्थ्यचौकीलाई रु ७५ हजार सहयोग गर्नुभएको छ।

यसै हप्ता कैलाश मावि दोबाका १५७ र टिकोट मावि हिस्तानका ७० विद्यार्थीलाई रु दुई लाख बराबरको एक-एक थान स्वीटर वितरण गर्नुभयो। विभिन्न विद्यालयका उत्कृष्ट बिद्यार्थी र खेलाडीलाई पुरस्कृत गर्नुभएका पुनले जनप्रतिनिधि नभएको अवस्थामा पनि सामाजिक क्षेत्रमा सहयोग र समय दिएर योगदान गर्नुभएको थियो । पहिरो, चट्याङ, आगलागीपीडितका साथै अर्थाभावका कारण उपचारका लागि अस्पताल पुग्न नसक्ने विपन्नका लागि पनि आफ्नो पारिश्रमिकबाट सहयोग गर्नुहुन्छ । प्राकृतिक प्रकोपको अवस्थामा जोखिम मोलेर आफैँ उद्धार र राहतमा अगुवाइसमेत गर्नुभएको छ।

विसं २०२१ मा भारतीय सेनामा भर्ती भएर २१ वर्ष नौ महिना काम गरी निबृत्त हुनुभएका पुनः पर्यटकीयस्थल घोडेपानीको सन्नी होटलका सञ्चालक हुनुहुन्छ । भारतीय सेनामा रहँदा स्विमिङ र ड्राइभिङमा १० वर्ष लगातार नेशनल च्याम्पियन बन्नुभएका पुनले नवौँ र दशौँ एशियन, १९७९ को कमनवेल्थ गेम, १९८२ को वर्ल्ड च्यापियनसीपमा सहभागी भएर पदक दिलाउनुभएको थियो। भारतमा खेल प्रशिक्षक भएर काम गर्नुभएका उहाँले नेपालको राष्ट्रिय प्रतियोगितामा समेत सहभागिता जनाएर पदक जित्नुभएको थियो।

# सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध

रासस
काठमाडौं, २१ माघ

राष्ट्रिय सूचना आयोगले सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेको छ।

प्रदेश नं १ र मधेस प्रदेशका सार्वजनिक निकायमा आयोगले गरेको अनुगमनका क्रममा अधिकांश कार्यालयले सूचना अधिकारी नतोकेको र शत्प्रतिशतले स्वतः प्रकाशन नगरेको पाइएको जनाउँदै सूचनाको हकको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि अनुरोध गरिएको हो।

आयोगले अनुगमनपछि सूचनाको हकको कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयनमा प्रदेशका, स्थानीय तहका तथा जिल्लामा रहेका सार्वजनिक निकायहरु उदासीन रहेको ठहरसमेत गरेको छ । आयोगका सूचना आयुक्त तथा प्रवक्ता कमला ओली थापाले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले कानुन पालना गर्न/गराउन थप सक्रियता देखाउन पर्ने आवश्यकता औँल्याउनुभयो । संविधानमा रहेको सूचनाको हकसम्बन्धी व्यवस्था र सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने उद्देश्यले आयोग गठन गरिएको हो । कानुन अनुसार सूचनाको प्रकृतिअनुसार बढीमा तीस वर्षको अवधिसम्म सूचना गोप्य राख्न सकिने व्यवस्था गरिएको छ। त्यसैगरी सूचनाको हकसम्बन्धी ऐनमा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख गरिएको छ।

सो ऐनमा प्रत्येक सार्वजनिक निकायले तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । ऐनमा प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था पनि गरिएको छ। सूचना अधिकारीले सूचना मागेको १५ दिनभित्रमा मागकर्तालाई सूचना उपलब्ध गराउनुपर्छ । सूचना दिन अस्वीकार गरिएमा मागकर्ताले त्यसको ७ दिनभित्र सम्बन्धित निकायका प्रमुखसमक्ष उजुरी दिन सक्ने छ। प्रमुखले ७ दिनभित्र सूचना उपलब्ध गराउनुपर्नेछ।

सूचना उपलब्ध गराउन अस्वीकार गरिए ३५ दिनभित्र सूचना आयोगमा पुनरावेदन दिनुपर्छ। आयोगमा पर्ने निवेदन र उजुरीमाथि ४५ दिनभित्र र पुनरावेदनमाथि आयोगले ६० दिनभित्र आफ्नो निर्णय दिनुपर्ने कानुनी व्यवस्था रहेको छ। सूचना दिन अस्वीकार गर्ने सार्वजनिक निकायलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ। तर सूचना मागकर्ताले सूचनाको दुरूपयोग गरेको खण्डमा घटनाको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ। सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सार्वजनिक निकायहरुलाई थप पारदर्शी, जवाफदेही तथा जिम्मेवार बनाउने उद्देश्यअनुरुप यससम्बन्धी कानुनले दिएको अधिकार प्रयोग गरी आयोगले प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नुपर्ने आदेश तथा निर्देशन दिने गरेको प्रवक्ता थापाको भनाइ छ। आयोगले प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानुनअन्तर्गत प्रकाशन गर्नुपर्ने, स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीलक्षित तालिम र अभिमुखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिम कार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था मिलाउनुपर्ने, प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्षा, निवेदनको नमूना तथा बस्ने, प्रतीक्षा गर्ने कक्षको व्यवस्था मिलाउन पनि निर्देशन पठाएको छ।

सूचनाको हकको संरक्षण संवर्द्धन तथा प्रचलनका लागि आयोगले ६ वटा जिल्लाहरु क्रमशः कैलाली, सिन्धुपाल्चोक, पर्सा, कञ्चनपुर, दार्चुला र डोटीमा जिल्लास्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया सञ्चालन गर्दै आएको छ । त्यसैगरी पाँचवटा स्थानीय तहहरु क्रमशः शङ्खरापुर नगरपालिका काठमाडौँ, नमोबुद्ध नगरपालिका काभ्रे, थाक्रे गाउँपालिका धादिङ, निजगढ नगरपालिका बारा र सुनापती गाउँपालिका रामेछापमा स्थानीय तहस्तरीय सूचनाको हकसम्बन्धी कार्यक्रम गर्दै आएको छ। त्यसैगरी सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, नागरिक समाज, सञ्चारकर्मी तथा सर्वसाधारण ६९५ जनालाई सूचनाको हक कार्यान्वयनका विविध पक्ष बारेमा प्रशिक्षण प्रदान गर्नाका साथै अन्तरक्रिया कार्यक्रम गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा सूचना प्राप्त नभएको भनी ७५३ वटा पुनरावेदनका उजुरीहरू आयोगलाई प्राप्त भएका थिए । त्यसरी प्राप्त पुनरावेदन उजुरीमध्ये सबैभन्दा बढी ७३ प्रतिशत स्थानीय तहसँग सम्बन्धित थिए भने शिक्षा, स्वास्थ्य तथा खेलकुदसँग संम्बन्धित सात प्रतिशत, आर्थिक क्षेत्रसँग सम्बन्धित चार प्रतिशत, कानुन, न्याय र प्रशासनसँग सम्बन्धित चार प्रतिशत रहेका थिए। यसरी प्राप्त पुनरावेदनहरु आयोगले ९८.७ प्रतिशत फछ्र्यौट गरेको छ।

# मापदण्डविपरित नदीजन्य पदार्थ उत्खननमा अख्तियारको चासो

पोखरापत्र संवाददाता
म्याग्दी, २१ माघ

म्याग्दी नदीमा मादपदण्डविपरीत नदीजन्य पदार्थको उत्खनन भइरहेपछि अख्तियारले चासो बढाएको छ। म्याग्दीको बेनी नगरपालिका-५ बगुवाखोलास्थित म्याग्दी नदी बगरमा मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खनन भएको समाचार प्रकाशन/प्रशारण भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चासो दिएको हो।

बगर उत्खननको जिम्मा पाएका ठेकेदारले मापदण्ड मिचेर ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरेको समाचार प्रकाशित भएपछि आयोगको प्राविधिक टोलीले स्थलगत अनुगमन गरेको हो।

मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खनन भएको पाइएको अनुगमन टोलीका एक सदस्यले बताउनुभयो । नगरपालिकासँगको सम्झौता अनुसार बगरमा तीन हजार ७४२.२० घनमिटर उत्खनन गर्नुपर्नेमा ९३ सय घनमिटर उत्खनन भएको पाइएको उहाँले बताउनुभयो। मापदण्ड अनुसार ९० सेन्टिमिटर गहिराईसम्म उत्खन्न गर्ने सम्झौता भएकोमा सरदर १ दशमलव ६ मिटर गहिरो बनाइएको छ।

यस्तै अर्को सजेनी बगरमा पनि मापदण्डविपरीत नदी उत्खनन गरेको पाइएको छ । सतहदेखि १७ घनमिटर उत्खनन गर्ने सम्झौता भएकोमा दुई हजार एक सय घनमिटर उत्खनन भएको पाइएको छ। "मापदण्ड र सम्झौता विपरीत नदी उत्खनन भएको भनेर सूचना आएपछि अख्तियारको टोलीले स्थलगत अनुगमन गरको हो", आयोगको पोखरास्थित कार्यालयका सूचना अधिकारी मेघनाथ रिजालले भन्नुभयो, "मापदण्ड विपरीत नदीजन्य पदार्थ उत्खनन गरेबापत के कारवाही गर्ने भन्ने विषयमा अनुगमन टोलीले रिपोर्ट बुझाएपछि मात्र निर्णय हुन्छ।" स्काभेटर प्रयोग गरी नदीको धार परिवर्तन गराई ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन गर्दा तटीय क्षेत्रमा बाढी, कटानको जोखिम बढेको, राजस्व गुमेको, जलचरको बासस्थान र वातावरणमा असर पुगेको छ । अनुगमनमा बेनी नगरपालिकाका कर्मचारीको समेत सहभागिता थियो। टोलीले अन्य बगरमा पनि अनुगमन गरेको थियो । सरकारको नदीजन्य बस्तु उत्खननसम्बन्धी नियम, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन र बेनी नगरपालिकासँग भएको सम्झौता विपरीत निर्माण कम्पनीले एक्साभेटर प्रयोग गरेर तोकिएभन्दा गहिरो खाडल बनाएर उत्खनन गरेको सोमबार अनुगमन गरेको समितिले जनाएको छ । बगरबाट सम्झौताभन्दा बढी परिणाममा उत्खनन भएको अनुगमन समितिले ठहर गरेको छ । नदीजन्य बस्तुको उत्खननमा एक्साभेटरलगायत ठूला उपकरण प्रयोग गर्न नपाउने कानुन छ। नगरपालिकासँगको सम्झौताअनुसार ठेकेदार कम्पनीले नगरपालिका-७ को अग्निखेत बगर, वडा नं-६ डम्मरा, जोगिगाडे बगर, चुत्रेनी बगर तल्लो, चुत्रेनीकै बगर माथिल्लो, वडा नं ५ को बगुवा खोला, सोही वडाको सजेनी बगर, वडा नं ३ को दूधखोला कोप्रे बगर र वडा नं २ को घुमाउने ताल बगरमा नदीजन्य पदार्थ उत्खननको अनुमति पाएका छन्।

म्याग्दी नदीको नौ वटा बगरबाट १७ हजार ७६० दशमलब १५ घनमिटर नदीजन्य बस्तु उत्खनन र निकासीका लागि न्यूनतम ४३ लाख ८६ हजार ४६ दशमलब ६४ मूल्य राखेर ठेक्का आह्वान गरिएको थियो। रु ४४ लाख कबोलेको बागलुङको जुम्ली निर्माण सेवाले पुस २३ गते सम्झौता गरेको थियो।

प्रत्यक्षदर्शीका अनुसार नगरपालिकासँग ठेक्का सम्झौता हुनुभन्दा एक हप्तादेखि नै उत्खनन थालेका व्यवसायीले नजिकै रहेको जिसी त्रसर उद्योगमा भण्डारण गरेर राखेका छन् । कम्पनीका प्रतिनिधि नीराजन खतिवडाले अलपत्र सडक आयोजनालाई आवश्यक नदीजन्य बस्तुको सहज आपूर्तिका लागि सरोकारवालासँग समन्वय गरेर उपकरणको प्रयोग गरेको दाबी गर्नुभएको छ।

# म्याग्दीमा हिमपात, पर्यटकीयस्थलमा चहलपहल

पोखरापत्र संवाददाता
बेनी, २१ माघ

म्याग्दीको हिमाली र उच्च पहाडी क्षेत्रमा भारी हिमपात भएको छ । गएराति अविरल वर्षासँगै हिमपात भएको हो । हिमपातका कारण चिसो बढेपछि जनजीवन प्रभावित बनेको छ । यहाँका पर्यटकीयस्थलमा भने चहलपहल सुरु भएको छ।

उच्च पहाडी क्षेत्रमा यस वर्ष दोस्रो पटक हिमपात भएको हो। बिहीबार साँझदेखि अहिलेसम्म डेढफिटसम्म हिउँ परेको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो । हिमपातका कारण स्थानीय लघुजलविद्युत् परियोजना अवरुद्ध भएको छ।

धवलागिरि गाउँपालिकाको अधिकांश क्षेत्रमा हिमपात भएको छ। त्यसैगरी रघुगङ्गा, मङ्गला, मालिका, अन्नपूर्ण गाउँपालिका तथा बेनी नगरपालिकाको उच्च पहाडी भेगमा हिमपात भएको छ। सदरमुकाम बेनीदेखि नजिकैका पर्यटकीयस्थल रुइसे, टोड्केलगायतका स्थानमा हिउँ खेल्न आन्तरिक पर्यटक पुग्न थालेका छन्। हिमपात र वर्षापछि किसान उत्साहित छन् । गहुँ, जौँ, केराउलगायत हिउँदेबालीमा सिँचाइ र खेतमा मकै छर्ने तयारी गरेका किसानलाई वर्षा र हिमपातले राहत मिलेको छ।